का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८०/०६/१२




| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2080/06/07 | Sunday | 96,195 | 1,12,200 | 1,226 | 1,430 |
| 2080/06/08 | Monday | 96,195 | 1,12,200 | 1,226 | 1,430 |
| 2080/06/09 | Tuesday | 95,850 | 1,11,800 | 1,200 | 1,400 |
| 2080/06/10 | Wednesday | 95,165 | 1,11,000 | 1,187.50 | 1,385 |
| 2080/06/11 | Thursday | 93,965 | 1,09,600 | 1,174.50 | 1,370 |
| 2080/06/12 | Friday | 93,280 | 1,08,800 | 1,196 | 1,395 |

**यो साता सुनको मूल्यमा उच्च गिरावट, विक्रीको प्रेसर र अमेरिकी डलरप्रतिको आकर्षण प्रमुख कारण**

- अमेरिकी बजारमा सुनको विक्री (Selling Pressure) बढ्नुका साथै अमेरिकी डलर मजवुत बनेकोले यो साता विश्व बजारमा सुनको मुल्यमा उच्च गिरावट आएको छ । साथै विश्व बजारमा कच्चा तेलको मुल्यमा समेत कमी आएकोले त्यसले विश्व अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गई सुनको मुल्यमा कमी आएको विश्लेषकहरुले बताएका छन् । यो क्रम अझै केही समय कायमै रहन सक्ने अनुमान विश्लेषकहरुको छ । अमेरिकी डलर मजवुत बन्दै जाँदा त्यसको प्रभाव स्वरुप त्यहाँको शेयर बजारमा भने गिरावट देखिएको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मुल्यमा आएको कमीको प्रभावले नेपाली बजारमा समेत मुल्यमा उच्च गिरावट आएको छ ।
- नेपाली बजारमा यो साताको पहिलो दिन आइतबार प्रति १० ग्राम ९६ हजार १ सय ९५ रुपैयाँ रहेको सुनको मुल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम सुनको मुल्य ९३ हजार २ सय ८० रुपैयाँमा झर्यो । जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम ३ हजार ९ सय १५ रुपैयाँले कम हो । नेपाली बजारमा साताको पहिलो दिन आइतबारको तुलनामा दोस्रो दिन स्थिर रहेको सुनको मुल्य साताका अन्य सवै दिन ओरालो लागेको छ ।
- यो साता नेपाली बजारमा चाँदीको मुल्यमा पनि कमी आएको छ । साताको पहिलो दिन १ हजार २ सय २६ रुपैयाँमा कारोबार भएको चाँदीको मुल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार ३ सय ९५ रुपैयाँमा झरेको छ ।

**धर्मसुन्दर बज्राचार्य**
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post bost no: 20712